# शहिद लखन गाउँपालिकाको स्वास्थ्य सेवा ऐन,
# २०७५
# लाई संशोधन गर्न बनेको विधेयक

**शहिद लखन गाउँपालिका**

**गोरखा**

**शहिद लखन गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक, २०७७**

प्रस्तावनाः शहिद लखन गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बाञ्छनिय भएकोले, शहिद लखन गाउँपालिका, गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शहिद लखन गाउँपालिको स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शहिद लखन गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ११ मा संशोधनः** शहिद लखन गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ११ उपदफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोः

(क) जनशक्ति : हेल्थ इन्फेक्सन समुहको अधिकृत स्तर छैठौं तहको १ जना, हेल्थ इन्फेक्सन समुहको सहायक स्तर पाचौं तहको १ जना, कम्युनिटि नर्सिङ्ग समुहको सहायक स्तर पाचौं तहको १ जना, हेल्थ इन्फेक्सन समुहको सहायक स्तर चौंथो तहको १ जना, कम्युनिटि नर्सिङ्ग समुहको सहायक स्तर चौंथो तहको १ जना, मेडिकल ल्याब टेक्नोलोजी समूहको सहायक पाचौं तहको ल्याब टेक्निनिसियन १ जना, फार्मेसी समुहको सहायक पाचौं तहको फार्मेसी सहायक १ जना र आवश्यकता अनुसार सहायक कर्मचारीहरु रहनेछन् ।

फागुन ६, २०७७ मा बसेको शहिद लखन गाउँपालिकाको गाउँ सभाको बैठकले संशोधनबिना सर्वसम्मतिले पारित गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ (१) बमोजिम प्रमाणित गर्दछु ।

................................

रमेश वावु थापा मगर

अध्यक्ष

शहिद लखन गाउँपालिका

मितिः २०७७।११।०६